# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)


आ.व. : २०८३/०८४

प्रेस विज्ञप्ति नं. : ५०९

मितिः २०८३।०५।१९ गते

ने.सं. ११४६

## प्रेस विज्ञप्ति

### हुलाकमा आएको पार्सलबाट थाई गाँजा १ किलो ९१० ग्राम बरामद गरी ४ जना पक्राउ गरिएको ।

लागु औषध नियन्त्रण ब्यूरो शाखा कार्यालय डिल्लीबजारबाट खटिएको प्रहरी टोलीले मिति २०८३।०५।०९ गते थाईल्याण्डबाट गोश्वरा हुलाक कार्यालय डिल्ली बजार हुँदै इटहरी जाने पार्सल उपर शंका लागि चेकजाँच गर्दा उक्त पार्सलबाट थाईल्याण्डको गाँजा ९१० ग्राम बरामद गरि उक्त पार्सल रिसिभ गर्ने ईटहरी बस्ने मुख्य व्यक्तिलाई पक्राउ गर्न Control Delivery गरी पठाईएकोमा मिति २०८३।०५।१६ गते उक्त पार्सल रिसिभ गरी लैजाने क्रममा निम्न नामथर ठेगाना भएका २ जना महिलालाई पक्राउ गरि निजहरुको जिल्ला सुनसरी धरान उ.म.न.पा. वडा नं. १५ मिलनपथ स्थित डेराकोठामा समेत खानतलासी गर्दा डेरा कोठाभित्रबाट पुन: थाईल्याण्डको गाँजा १ के.जी. फेलापारी बरामद गरी इलाका प्रहरी कार्यालय धरान सुनसरी बुझाईकोमा उक्त कार्यालयबाट अनुसन्धान भइ रहेको अवस्थामा बरामद गाँजा रिसिभ गर्न आएका भारतीय नागरिकहरुलाई समेत मिति २०८३।०५।१९ गते लागु औषध नियन्त्रण ब्यूरो शाखा कार्यालय बिराटगनगर र इलाका प्रहरी कार्यालय धरान सुनसरीबाट खटिएको संयुक्त प्रहरी टोलीले जिल्ला सुनसरी धरान उ.म.न.पा. ८ बाट पक्राउ गरि निजहरु उपर इलाका प्रहरी कार्यालय धरान सुनसरी र यस ब्यूरोबाट थप अनुसन्धान भई रहेको।

निम्न:-

**पक्राउ प्रतिवादीहरुको विवरण:**

१. जिल्ला सुनसरी धरान उ.म.न.पा. वडा नं. २० ठेगाना भएकी वर्ष १९ की जेसिका तामाङ ।

२. जिल्ला धनकुटा छथरजोरपाटी गा.पा. वडा नं. २ ठेगाना भएकी वर्ष २५ की तारा मगर ।

३. भारत केरल जिल्ला कन्नोर पन्चायत प्याराला सेरी वडा नं. ३ ठेगाना भएका बर्ष २४ को सारोन सुनिल तिया ।

४. भारत केरल जिल्ला आलपुर पन्चायत कार्निया पल्लि वडा नं. २ ठेगाना भएका बर्ष २२ को अमल आर

**बरादम दशी (सामानहरु) को विवरण:**

१. **लागु औषध थाई गाँजा १ के.जि. ९१० ग्राम**

२. मोबाईल थान ४

**प्रवक्ता/सूचना अधिकारी**

**(दुर्गा राज रेग्मी)**

**प्रहरी उपरीक्षक**